नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं.

## प्रेस विज्ञप्ती

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) अन्तर्गतको राजस्व मोड्यूल मिति २०७९।१०।२२ मा शुरु भई हालसम्म ५३५ स्थानीय तह (पूर्ण रुपमा २२७ र आंशिक रुपमा ३०८) मा संचालनमा आएको छ । आज मिति २०८०।०९।२६ गते महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीवाट SuTRA System सँग प्रत्यक्ष आवद्ध स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue Portal) को शुभारम्भ भयो । उक्त पोर्टलको प्रयोग गरी स्थानीय तहका सेवाग्राही वा करदाताले अनलाइन रुपमा राजस्व वुझाउन र आफ्नो व्यक्तिगत, संस्थागत एवं व्यावसायिक विवरणहरु प्रविष्ट गर्न सक्ने विशेषता रहेको छ ।

शुभारम्भ कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयका सहमहालेखा नियन्त्रकहरु एवं अन्य कर्मचारीहरु, राष्ट्रिय वाणिज्य वैंकका प्रमुख कार्यकारी अधिकृत एवं कर्मचारीहरु र नेपाल क्लियरिङ्ग हाउस लिमिटेडका प्रमुख कार्यकारी अधिकृत एवं कर्मचारीहरुको उपस्थिति थियो । त्यस्तै अनलाइन रुपमा धुलिखेल नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत एवं कर्मचारीहरु र विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक तथा कोष नियन्त्रकहरुको सहभागिता थियो । कार्यक्रममा धुलिखेल नगरपालिकाको आर्थिक प्रशासन प्रमुख धनबहादुर वस्नेतले राजस्व मोड्यूल कार्यान्वयनको एक वर्षको अनुभवमाथि प्रकाश पार्दै हाल शुरुवात भएको स्थानीय तह राजस्व पोर्टलले स्थानीय तहको राजस्व संकलनमा प्रभावकारिता एवं सेवाग्राही/करदातालाई निकै सहजता ल्याउने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा निर्देशन गर्दै महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीवाट स्थानीय तहको राजस्व व्यवस्थापनलाई सुदृढ तुल्याउन यस पोर्टलले योगदान दिने विश्वास व्यक्त गर्नुभयो । साथै उहाँले यस पोर्टलको सफलतापूर्वक कार्यान्वयनका लागि महालेखा नियन्त्रक कार्यालय, बैंकहरु, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, स्थानीय तह एवं सेवाग्राही/करदाताको सहकार्य समन्वय अत्यावश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

शुरुमा धुलिखेल नगरपालिका, काभ्रेपलाञ्चोकवाट संचालन गरिएको यस पोर्टललाई केही दिनमा अन्य स्थानीय तहमा विस्तार गर्दै जाने कार्यक्रम रहेको छ । यस पोर्टलको कार्यान्वयनवाट Digital Public Financial Management को अवधारणालाई मूर्त रुप दिन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

मितिः २०८०।०९।२६

(थानप्रसाद पंज्ञानी)
सह-महालेखा नियन्त्रक


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

Scanned with CamScanner